# माथागढी गाउँपालिकाद्धारा प्रकाशित
# स्थानीय राजपत्र

| खण्डः १० | संख्याः ८ | मितिः२०८३/०४/२० |
|---|---|---|


भाग २

माथागढी गाउँपालिका

लुम्बिनी प्रदेश, नेपाल

## संवत् २०८३ सालको कार्यविधि संख्या ८

माथागढी गाउँपालिका क्षेत्रभित्र उपलब्ध नदीजन्य तथा खानीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, मिस्कट लगायत) को उत्खनन तथा संकलन र स्थानीय कर एवं शुल्कहरू (कबाडी कर, जडीबुटी तथा वनस्पतिजन्य कर, जीवजन्तु कर लगायत) को संकलन कार्यलाई पारदर्शी, वस्तुनिष्ठ, प्रतिस्पर्धी र व्यवस्थित बनाई पालिकाको आन्तरिक आय अभिवृद्धि गर्न तथा राजस्व संकलन प्रक्रियालाई एकीकृत ठेक्का प्रणालीमार्फत प्रभावकारी तुल्याउन आवश्यक भएकाले सथानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) एवं माथागढी गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारण सम्पूर्णको जानकारीका लागि यो कार्यविधि प्रकाशन गरिएको छ ।

# माथागढी गाउँपालिकाको आय ठेक्का व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३।०६।१६
स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८३।०६।२०

प्रस्तावनाः

माथागढी गाउँपालिका क्षेत्रभित्र उपलब्ध नदीजन्य तथा खानीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, मिस्कट लगायत) को उत्खनन तथा संकलन र स्थानीय कर एवं शुल्कहरू (कबाडी कर, जडीबुटी तथा वनस्पतिजन्य कर, जीवजन्तु कर लगायत) को संकलन कार्यलाई पारदर्शी, वस्तुनिष्ठ, प्रतिस्पर्धी र व्यवस्थित बनाई पालिकाको आन्तरिक आय अभिवृद्धि गर्न तथा राजस्व संकलन प्रक्रियालाई एकीकृत ठेक्का प्रणालीमार्फत प्रभावकारी तुल्याउन आवश्यक भएकाले **माथागढी गाउँपालिकाको आर्थिक ऐन, २०८३ को दफा १५ र माथागढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४** ले दिएको अधिकार प्रयोग गरी माथागढी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ।

## परिच्छेद १ः प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"माथागढी गाउँपालिकाको आय ठेक्का व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई गाउँपालिकाले स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ।

२. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछः-

(क) गाउँपालिकाको अधिकारक्षेत्रभित्र पर्ने आय ठेक्कालाई व्यवस्थित गर्नु,

(ख) नदीजन्य पदार्थको बिक्री तथा निकासी शुल्क/दस्तुरलाई पारदर्शी ढङ्गबाट संकलन गर्नु,

(ग) जडीबुटी, कवाडी, जीवजन्तु तथा वनस्पतिजन्य वस्तुको व्यावसायिक उपयोगबाट प्राप्त हुने कर/शुल्क व्यवस्थित रूपमा संकलन गर्नु,

(घ) अन्य प्रचलित कानूनबमोजिम गाउँपालिकाले संकलन गर्न पाउने निकासीजन्य कर, शुल्क तथा दस्तुरको व्यवस्थापन गर्नु,

(ङ) प्राकृतिक स्रोतको अनियन्त्रित दोहन रोक्नु,

(च) वातावरण तथा जैविक विविधताको संरक्षण गर्नु,

(छ) राजस्व चुहावट नियन्त्रण गर्नु,

(ज) आय ठेक्कामा स्वच्छ प्रतिस्पर्धा तथा पारदर्शिता कायम गर्नु,

(झ) कर तथा गैरकर राजस्व संकलनलाई प्रभावकारी बनाउनु,

(ञ) ठेकेदार, कर्मचारी तथा सम्बन्धित पदाधिकारीको जिम्मेवारी स्पष्ट गर्नु।

३. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"गाउँपालिका"** भन्नाले माथागढी गाउँपालिका, पाल्पा सम्झनु पर्छ।

(ख) **"गाउँ कार्यपालिका"** भन्नाले माथागढी गाउँ कार्यपालिका सम्झनु पर्छ।



माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

(ग) **"अध्यक्ष"** भन्नाले माथागढी गाउँपालिकाको अध्यक्षलाई बुझाउनेछ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउनेछ।

(ङ) **"आय ठेक्का"** भन्नाले गाउँपालिकाले प्रचलित कानून बमोजिम उठाउन पाउने कर, शुल्क, दस्तुर, बिक्री आय, निकासी शुल्क वा अन्य गैरकर आय निश्चित अवधि र शर्तमा प्रतिस्पर्धात्मक प्रक्रियाबाट संकलन गर्ने जिम्मेवारी अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई दिने कार्य सम्झनु पर्छ।

(च) **"ठेकेदार"** भन्नाले यस कार्यविधिबमोजिम आय ठेक्का प्राप्त गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्था सम्झनु पर्छ।

(छ) **"नदीजन्य पदार्थ"** भन्नाले प्रचलित कानून तथा स्वीकृत मापदण्ड बमोजिम नदी, खोला, खोल्सा, बगर वा तोकिएको क्षेत्रबाट उत्खनन/संकलन गर्न सकिने ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, मिस्कट, रोडा, माटो लगायतका निर्माणजन्य पदार्थ सम्झनु पर्छ।

(ज) **"जडीबुटीजन्य वस्तु"** भन्नाले प्रचलित कानूनले परिभाषित वा अनुमति दिएको जडीबुटी तथा औषधिजन्य वनस्पति वा तिनका भाग/उत्पादन सम्झनु पर्छ।

(झ) **"कवाडी माल"** भन्नाले प्रचलित कानून तथा गाउँपालिकाको आर्थिक ऐनले कर/शुल्कको दायरामा राखेका पुनःप्रयोग, पुनरचक्रण वा बिक्रीका लागि संकलन गरिने कवाडीजन्य वस्तु सम्झनु पर्छ।

(ञ) **"जीवजन्तुजन्य वस्तु"** भन्नाले प्रचलित कानूनले निषेध नगरेका मृत वा मारिएका जीवजन्तुका हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका व्यावसायिक उपयोग हुने वस्तुहरुलाई बुझाउनेछ।

(ट) **"वनस्पतिजन्य वस्तु"** भन्नाले प्रचलित कानूनबमोजिम संकलन तथा व्यावसायिक उपयोग गर्न अनुमति भएका वनस्पति, वनस्पतिका भाग, घाँस, खर, पात, फल, बीउ, जरा, बोक्रा, खोटो तथा अन्य गैरकाष्ठ वन पैदावार वा आर्थिक ऐनमा तोकिएका वनस्पतिजन्य वस्तु सम्झनु पर्छ।

(ठ) **"निकासी"** भन्नाले गाउँपालिकाको अधिकारक्षेत्र भित्रबाट कुनै वस्तु गाउँपालिका क्षेत्र बाहिर लैजाने कार्य सम्झनु पर्छ।

(ड) **"निकासी कर/शुल्क"** भन्नाले प्रचलित कानून तथा गाउँपालिकाको आर्थिक ऐन बमोजिम गाउँपालिकाको क्षेत्रबाट बाहिर लैजाँदा लाग्ने कर, शुल्क वा दस्तुर सम्झनु पर्छ।

(ढ) **"संकलन केन्द्र"** भन्नाले कर/शुल्क संकलन, अभिलेख तथा निकासी नियन्त्रणका लागि गाउँपालिकाले तोकेको स्थान सम्झनु पर्छ।

(ण) **"निकासी पास"** भन्नाले गाउँपालिकाले तोकेको ढाँचामा निकासीको प्रमाणका रूपमा जारी गर्ने अनुमति/प्रमाणपत्र सम्झनु पर्छ।

(त) **"प्राविधिक प्रतिवेदन"** भन्नाले स्रोत, क्षेत्र, परिमाण, वातावरणीय अवस्था तथा अन्य प्राविधिक पक्षको सम्बन्धमा प्राविधिक कर्मचारीबाट तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(थ) **"ऐन"** भन्नाले माथागढी गाउँपालिकाको आर्थिक ऐन, २०८३ लाई जनाउनेछ ।

(द) **"प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन"** भन्नाले प्रचलित वातावरण संरक्षण कानुन बमोजिम स्वीकृत वातावरण अध्ययन प्रतिवेदन (IEE) लाई सम्झनु पर्छ।

माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७४

(ध) "**घाट गद्दी**" भन्नाले दफा २२ बमोजिम नदीजन्य पदार्थको उत्खनन र संकलन पश्चात निश्चित ठाउँमा जम्मा गर्ने प्रयोजनार्थ प्राविधिक नाप-जाँच गरी यकिन गरिएको नदीजन्य पदार्थको परिमाणलाई बुझाउनेछ।

**४. कार्यविधिको क्षेत्रः** (१) यो कार्यविधि गाउँपालिकाले ठेक्कामार्फत संकलन गर्ने सबै प्रकारका स्थानीय आय संकलन कार्यमा लागू हुनेछ।

(२) उपदफा (१) बमोजिम विशेषतः देहायका आय स्रोतको हकमा गाउँपालिकाले ठेक्का व्यवस्थापन गर्न यो कार्यविधि लागू गरिनेछः

(क) नदीजन्य पदार्थको उत्खनन र संकलन बिक्री तथा निकासी शुल्क/दस्तुर,

(ख) जडीबुटी कर,

(ग) कवाडी कर,

(घ) जीवजन्तु कर,

(ङ) वनस्पतिजन्य वस्तु वा गैरकाष्ठ वन पैदावारसम्बन्धी प्रचलित कानूनबमोजिम उठाउन सकिने कर/शुल्क/दस्तुर,

(च) प्राकृतिक तथा खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क/दस्तुर,

(छ) गाउँपालिकाको आर्थिक ऐनले तोकेका अन्य आय ठेक्का,

(ज) प्रचलित कानूनबमोजिम गाउँपालिकाले संकलन गर्न पाउने अन्य कर, शुल्क तथा दस्तुर।

**५. अधिकारक्षेत्रको सीमाः** (१) यस कार्यविधि बमोजिम कुनै आय ठेक्का लगाउँदा संघीय वा प्रदेश कानूनले अन्य निकायको अधिकारक्षेत्रमा राखेको स्रोत, वस्तु वा राजश्वमा गाउँपालिकाले ठेक्का लगाउन पाउने छैन।

(२) वन, राष्ट्रिय वन, सामुदायिक वन, संरक्षित क्षेत्र, वन्यजन्तु, खानी तथा खनिज पदार्थ वा अन्य प्राकृतिक स्रोतको सम्बन्धमा प्रचलित संघीय तथा प्रदेश कानूनले निर्धारण गरेको स्वीकृति, अनुमति, इजाजत, रोयल्टी वा अन्य प्रक्रिया अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

(३) गाउँपालिकाको कर/शुल्क संकलन गर्ने अधिकार भएको विषयमा समेत अन्य निकायबाट आवश्यक अनुमति लिनुपर्ने भए त्यस्तो अनुमति प्राप्त नगरी आय ठेक्का सञ्चालन गर्न पाइने छैन।

## परिच्छेद २ः आय ठेक्काको प्रकृति, पहिचान, दायरा र पूर्वतयारी

**६. आय स्रोत पहिचान तथा पूर्वतयारीः** (१) प्रत्येक आर्थिक वर्षका लागि गाउँपालिकाले ठेक्कामार्फत संकलन गर्न सकिने आय स्रोतको सूची तयार गर्नेछ।

(२) गाउँपालिकाले देहायका स्रोत तथा शीर्षकहरू समावेश गरी एकीकृत वा छुट्टाछुट्टै आय ठेक्का लगाउन सक्नेछः

(क) प्राकृतिक तथा नदीजन्य स्रोत समूह

(ख) जडीबुटी तथा वनस्पतिजन्य समूह

(ग) कवाडी समूह

(घ) जीवजन्तु तथा पशुजन्य समूह



माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

(ङ) कार्यपालिकाले निर्णय गरी तोकेका अन्य समूह।

**७. स्रोतको सर्वेक्षणः** (१) नदीजन्य पदार्थको हकमा प्राविधिक सर्वेक्षण गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको आधारमा उत्खननयोग्य परिमाण निर्धारण गर्नुपर्नेछ।

(२) जडीबुटी तथा वनस्पतिजन्य वस्तुको हकमा सम्बन्धित कानून बमोजिम संकलन गर्न मिल्ने प्रजाति, क्षेत्र, परिमाण तथा अवधि पहिचान गर्नुपर्नेछ।

(३) कवाडी तथा जीवजन्तुजन्य वस्तुको हकमा सम्भावित कारोबार तथा संकलनको परिमाणका आधारमा राजस्व अनुमान गर्न सकिनेछ।

**८. वातावरणीय तथा कानुनी परीक्षणः** (१) कुनै पनि स्रोतको आय ठेक्का लगाउनु अघि सम्बन्धित स्रोतमा लागू हुने वातावरणीय तथा कानुनी स्वीकृति/अनुमति परीक्षण गर्नुपर्नेछ।

(२) वातावरणीय अध्ययन आवश्यक पर्ने भए सो सम्पन्न नगरी ठेक्का सञ्चालन गर्न पाइने छैन।

(३) वन तथा वन्यजन्तुसम्बन्धी वस्तुको हकमा सम्बन्धित अधिकारप्राप्त निकायको अनुमति आवश्यक भए सो अनुमति अनिवार्य हुनेछ।

**९. न्यूनतम ठेक्का रकम निर्धारणः** (१) न्यूनतम ठेक्का रकम निर्धारण गर्दा देहायका आधार लिन सकिनेछः

(क) विगतको वास्तविक राजस्व,
(ख) सम्भावित कारोबार,
(ग) वस्तुको अनुमानित परिमाण,
(घ) आर्थिक ऐनमा तोकिएको दर,
(ङ) बजार मूल्य,
(च) संकलन तथा निकासीको सम्भावना,
(छ) भौगोलिक अवस्था र जिल्ला दररेट,
(ज) प्रशासनिक तथा अनुगमन लागत,
(झ) कार्यपालिकाले तोकेका प्रचलित कानून बमोजिमका अन्य आधार।

(२) दफा ९ अनुसारको न्यूनतम ठेक्का अंक (रकम) निर्धारण गर्न गाउँपालिकामा देहाय बमोजिमको **"न्यूनतम अंक निर्धारण समिति"** रहनेछः

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| प्रशासन तथा योजना शाखा प्रमुख | - सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| राजस्व शाखा प्रमुख | - सदस्य सचिव |

(३) समितिले न्यूनतम अंक तय गर्दा अघिल्लो वर्षको राजस्व संकलन, IEE प्रतिवेदनले निर्धारण गरेको उत्खनन परिमाण, आर्थिक ऐन, २०८३ ले तोकेको दररेट र सम्भावित बजार मागको विश्लेषण गरी न्यूनतम अंक सिफारिस गर्नेछ।

(४) दफा ७ र दफा ८ को उपदफा (३) मा जुनसुकै कुरा भनिएता पनि प्राकृतिक तथा नदीजन्य स्रोत समूहको न्यूनतम ठेक्का अंक निर्धारण गर्ने बाहेक अन्य समूहको ठेक्का अंक निर्धारण गर्न समितिले



माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७४

गाउँपालिकाको वार्षिक आय अनुमानलाई मात्र आधार मानेर न्यूनतम ठेक्का अंक (रकम) निर्धारण गर्न सक्नेछ ।

(५) न्यूनतम अंक निर्धारण समितिको सिफारिसलाई गाउँ कार्यपालिकाले अनुमोदन गरेपछि आय ठेक्का सम्बन्धी बोलपत्र आह्वान गरिनेछ।

(६) दफा ६ को उपदफा (२) बमोजिम एकीकृत वा छुट्टाछुट्टै आय ठेक्का लगाउने सम्बन्धमा सिफारिस गर्ने जिम्मेवारी पनि न्यूनतम अंक निर्धारण समितिको हुनेछ ।

## परिच्छेद ३: बोलपत्र आह्वान, पेश तथा मूल्याङ्कन

**१०. बोलपत्र आह्वान सम्बन्धी व्यवस्थाः** (१) आय ठेक्का बन्दोबस्त गर्दा राष्ट्रिय वा स्थानीय दैनिक पत्रिका र गाउँपालिकाको सूचना पाटी तथा वेबसाइटमा कम्तीमा १५ (पन्ध्र) दिन को म्याद दिई सार्वजनिक बोलपत्र आह्वान गर्नुपर्नेछ।

(२) पहिलो पटक सूचना प्रकाशन गर्दा रितपूर्वकको बोलपत्र नपरेमा वा न्यूनतम अंक नपुगेमा पुनः ७ (सात) दिनको म्याद दिई दोस्रो पटक सूचना प्रकाशन गर्न सकिनेछ। तर,

दोस्रो पटक बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गर्ने वा नगर्ने विषय गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) गाउँ कार्यपालिकाको निर्णयानुसार दोस्रो पटक बोलपत्र आह्वान गरिएको खण्डमा कुनै एक मात्र बोलपत्रदाताको प्रस्ताव पेश भएमा पनि आय ठेक्का सम्झौता गरी ठेक्का व्यवस्थापन गर्न ठेक्का प्रतिस्पर्धालाई बाधा परेको मानिने छैन, तर त्यस्तो प्रस्ताव नेपाल सरकारको प्रचलित खरिद ऐन, नियम अनुसार सारभूत रुपमा प्रभावग्राही भने हुनुपर्नेछ ।

(४) बोलपत्र फाराम दस्तुर रु एक हजार वा आर्थिक ऐन, २०८३ मा तोकिए बमोजिम फिर्ता नहुने गरी दाखिला गर्नुपर्नेछ।

(५) उपदफा (३) बमोजिम दोस्रो पटक सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्र प्रस्ताव नपरेमा वा परे पनि सारभूत रुपमा प्रभावग्राही नभएमा **तेस्रो पटक बोलपत्र आह्वान गर्ने** वा पालिका अन्तरगतका सम्बन्धित वडा कार्यालयहरुबाट **सोझै निकासी कर संकलन गर्ने** वा नदीजन्य पदार्थको **बिक्री वितरण कार्य गर्ने** वा **अन्य प्रकारको आय ठेक्का** मार्फत हुने राजश्व संकलनका सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम व्यवस्थापन गरिनेछ ।

(४) बोलपत्र आह्वान प्रक्रिया सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय खरिद प्रणाली (e-GP) मार्फत वा हार्डकपी सिलबन्दी दरखास्त फाराम मार्फत बोलपत्र आह्वान गर्न सकिनेछ।

(५) बोलपत्र आह्वान प्रक्रियाका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार पारेका स्ट्याण्डर्ड बिडिङ डकुमेन्ट प्रयोग गर्न वा तिनमा यो कार्यविधिको व्यवस्था अनुसार आवश्यक परिमार्जन सहित प्रयोग गर्न यस दफामा गरिएको व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

**११. बोलपत्रसाथ पेश गर्नुपर्ने कागजातहरू:**(१) बोलपत्रदाताले बोलपत्रसाथ देहायका कागजातहरू अनिवार्य रुपमा पेश गर्नुपर्नेछः



मायागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७४

- दर्ता प्रमाणपत्र (व्यक्ति/कम्पनी/फर्म/संस्था),
- स्थायी लेखा नम्बर (PAN) वा मूल्य अभिवृद्धि कर (VAT) दर्ता प्रमाणपत्र,
- पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,
- व्यवसाय दर्ता प्रमाणपत्र,
- कालोसूचीमा नपरेको स्वघोषणा पत्र,

१२. **बोलपत्र जमानत सम्बन्धी व्यवस्था:** (१) बोलपत्र दाता / ठेकेदारले आफूले कबोल गर्ने रकमको न्यूनतम ५ (पाँच) प्रतिशत रकम बराबरको बैंक जमानत वा गाउँपालिकाको धरौटी खातामा नगदै रकम जम्मा गरेको भौचर बोलपत्र प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम बैंक जमानत पेश गरिएकोमा सोको म्याद बोलपत्र पेश गर्ने अन्तिम मितिदेखि कम्तीमा ९०(नब्बे) दिनको हुनुपर्नेछ।

१३. **बोलपत्र खोल्ने र मूल्याङ्कन गर्ने प्रक्रिया:** (१) दर्ता भएका बोलपत्रहरू तोकिएको मिति, समय र स्थानमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

(२) बोलपत्र मूल्याङ्कन गर्दा रित पुगेका बोलपत्रहरूमध्ये न्यूनतम अंक वा सोभन्दा बढी कबोल गरेका मध्ये सबैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृतिका लागि छनोट गरिनेछ।

(३) दुई वा दुईभन्दा बढी बोलपत्रदाताले बराबर अधिकतम अंक कबोल गरेमा निजहरूबीच गोलाप्रथाद्वारा वा निजहरुबीच मात्र कबोल अंकमा बढाबढ (Auction) हुने गरी खुला प्रतिस्पर्धा गराई निर्णय गरिनेछ।

## परिच्छेद ४: सम्झौता, भुक्तानी र कार्य सम्पादन

१४. **सम्झौता प्रक्रिया र कार्यसम्पादन जमानत:** (१) दफा १३ बमोजिम छनोट भएको बोलपत्रदातालाई बोलपत्र स्वीकृत भएको पत्र जारी गरी ७ (सात) दिनको म्याद दिई सम्झौता गर्न आउन सूचित गरिनेछ।

(२) सम्झौता गर्नुपूर्व छनोट भएको बोलपत्रदाता / ठेकेदारले कबोल अंकको कम्तीमा १०(दश) प्रतिशत रकम बराबरको सम्झौता अवधि भन्दा थप एक महिना बढी अवधि म्याद भएको कार्यसम्पादन जमानत (Bank Performance Bond) वा सो बराबरको रकम गाउँपालिकाको धरौटी खातामा दाखिला गर्नुपर्नेछ। *तर एकमुष्ट रकम (कबोल अंक) बुझाएर सम्झौता गर्न आएमा भने कार्यसम्पादन जमानत राख्नुपर्ने विषयमा छैन ।*

(३) म्यादभित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत रकम जफत गरी दोस्रो बढी कबोल अंक प्रस्ताव गर्ने बोलपत्रदातालाई प्रक्रिया पूरा गरी ठेक्का सम्झौताका लागि आह्वान गर्न सकिनेछ।

(४) उपदफा (३) बमोजिम दोस्रो बढी कबोल अंक प्रस्ताव गर्नेलाई पत्राचार गर्नु अघि छनोट भएको बोलपत्रदातालाई कालो सूचीमा राख्नका लागि प्रचलित कानून बमोजिम सिफारिस गर्ने / नगर्ने सम्बन्धमा कार्यपालिकाले आवश्यक निर्णय गर्नेछ ।

१५. **किस्ता भुक्तानी सम्बन्धी व्यवस्था:** (१) आय ठेक्का सम्झौता भएको ठेकेदारले कबोल गरेको कुल ठेक्का रकम देहाय बमोजिमका किस्ताहरूमा अग्रिम रूपमा दाखिला गर्नुपर्नेछ:

| किस्ता | भुक्तानी गर्नुपर्ने | भुक्तानी गर्ने समयसीमा |
|---|---|---|
| पहिलो किस्ता | ४०% | सम्झौता हुनु अगावै अनिवार्य रूपमा |
| दोस्रो किस्ता | ३०% | सम्झौता भएको मितिले ३ महिनाभित्र |
| तेस्रो किस्ता | ३०% | सम्झौता भएको मितिले ६ महिनाभित्र (वा चैत्र मसान्तभित्र) |

*तोकिएको समयभित्र किस्ता नबुझाएमा बुझाउनुपर्ने बाँकी रकमको दैनिक ०.०५ प्रतिशतका दरले विलम्ब शुल्क लाग्नेछ। म्याद नाघेको १५ दिनभित्र पनि नबुझाएमा संकलन कार्य रोक्का गरी सम्झौता रद्द गरी बोलपत्र जमानत र कार्यसम्पादन जमानत जफत गरिनेछ। त्यसरी सम्झौता रद्द गरिएको ठेकेदार कम्पनीलाई गाउँ कार्यपालिकाले आवश्यक ठानेमा कालो सूचीमा राख्न सिफारिस गर्न सक्नेछ।*

(२) दफा १४ बमोजिम छनोट भएको बोलपत्रदाता ठेकेदारले एकमुष्ट रुपमा आफूले कबोल गरेको अंक बुझाइ सम्झौता गर्न आएमा बोलपत्रको न्यूनतम अंक भन्दा बढी हुन आउने रकमको १०(दश) प्रतिशतले हुन आउने रकम छुट दिइनेछ ।

## परिच्छेद ४: ठेकेदारको दायित्व, संकलन कार्य र निषेधित कार्यहरू

**१६. ठेकेदारको दायित्व र कर संकलन विधिः** (१) ठेकेदारले गाउँपालिकाबाट प्रमाणित गरिएको आधिकारिक रसिद प्रयोग गरी मात्र कर संकलन गर्नुपर्नेछ।

(२) आर्थिक ऐन, २०८३ ले तोकेको दररेट भन्दा बढी रकम असुल गर्न पाइने छैन। तर नियमानुसार संकलित पदार्थ गाउँपालिका क्षेत्र भन्दा बाहिर निकासी पास लगेर ठेकेदारले आफ्नो फर्मको विजकबाट बिक्री वितरण गर्न यो दफाले बाधा पुर्याएको मानिने छैन ।

(३) कर संकलन स्थल वा ढाट (चेकपोस्ट) मा सर्वसाधारणले स्पष्ट देख्ने गरी करका दरहरू र नियम उल्लेख भएको सूचना पाटी अनिवार्य राख्नुपर्नेछ।

(४) संकलनकर्ता कर्मचारीहरू/ श्रमिकहरुले परिचयपत्र अनिवार्य रूपमा लगाउनुपर्नेछ।

(५) नदीजन्य पदार्थको उत्खनन गर्दा IEE प्रतिवेदनले तोकेको क्षेत्र, सीमा र परिमाण भन्दा बाहिर जान पाइने छैन। यदि सीमा भन्दा बाहिर गएको खण्डमा दफा १९ मा उल्लेख भए अनुसार लुम्बिनी प्रदेश ऐन बमोजिम जरिवाना गरिनेछ ।

**१७. निषेधित कार्यहरूः** आय ठेक्का सञ्चालन गर्दा देहायका कार्यहरू गर्न पूर्ण रूपमा निषेध गरिएको छः

(क) आर्थिक ऐन, २०८३ ले तोकेको दरभन्दा बढी असुल गर्ने, जथाभावी अनावश्यक कर संकलन ढाटहरू राख्ने वा आवत जावतमा अवरोध सिर्जना गर्ने।

(ख) पुल, बाँध, सडक वा सार्वजनिक संरचनाको ३०० मिटर दायाँ बायाँ र तल माथि नदीजन्य पदार्थ उत्खनन गर्ने कार्य।

(ग) असार १ गतेदेखि भदौ मसान्तसम्म (वर्षायाम अवधिमा) नदीजन्य पदार्थको उत्खनन तथा संकलन गर्ने कार्य।

(घ) गाउँपालिकाको पूर्वस्वीकृति बिना स्वीकृत उत्खनन स्थलभन्दा बाहिरबाट सामग्री संकलन गर्ने।



मायागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल २०७३

(ङ) गाउँपालिकाको पूर्वस्वीकृति बिना खोला नदीमा हेभी इक्युपमेन्ट लगेर उत्खनन संकलन गर्ने।

(ङ) ठेक्का अरू कसैलाई सब-कन्ट्र्याक्टमा दिने वा बिक्री गर्ने।

## परिच्छेद ५: अनुगमन, निरीक्षण र दण्ड जरिवाना

**१८. अनुगमन तथा नियमन समितिः** आय ठेक्काको प्रभावकारी कार्यान्वयन र नियमनका लागि देहायबमोजिमको **"ठेक्का अनुगमन समिति"** रहनेछः

| | |
|---|---|
| गाउँपालिका उपाध्यक्ष | - संयोजक |
| सम्बन्धित वडाको वडा अध्यक्ष | - सदस्य |
| प्रशासन तथा योजना शाखा प्रमुख | - सदस्य |
| सम्बन्धित क्षेत्रको प्रहरी चौकी प्रमुख | - सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | - सदस्य |
| राजस्व शाखा प्रमुख | - सदस्य सचिव |

**१९. दण्ड जरिवाना तथा क्षतिपूर्तिः** (१) स्वीकृत दरभन्दा बढी कर असुल गरेको प्रमाणित भएमा पहिलो पटकलाई रु.१०,०००/- जरिवाना, दोस्रो पटक रु.२०,०००/- जरिवाना र सो भन्दा बढीपटक गरेको पाईएमा प्रत्येक पटकको लागि रु.५० हजारका दरले जरिवाना गरिनेछ ।

(२) अनधिकृत रसिद प्रयोग गरी राजस्व हिनामिना गरेको पाइएमा सरकारी रकम हिनामिना सरह गरे सरह प्रचलित कानुनबमोजिम कारबाही प्रक्रिया अगाडि बढाइनेछ।

(३) नदीजन्य पदार्थको सम्बन्धमा उत्खनन, संकलन र प्रशोधन वा बिक्री वितरणमा यस कार्यविधि र ऐनको उल्लघंन गरेमा लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८३ ले निर्धारण गरे बमोजिमको दण्ड तथा जरिवाना लाग्नेछ ।

## परिच्छेद ६: विविध

**२०. ठेक्का सम्झौताको अन्त्य वा रद्दः** देहायको अवस्थामा गाउँपालिकाले कुनै पनि समय ठेक्का सम्झौता रद्द गर्न सक्नेछः

(क) तोकिएको समयसीमा भित्र किस्ता रकम दाखिला नगरेमा।

(ख) कार्यविधि तथा सम्झौताका शर्तहरूको गम्भीर उल्लंघन गरेमा।

(ग) अदालतको आदेश वा नेपाल सरकार/प्रदेश सरकारको नीतिगत निर्णयका कारण ठेक्का सञ्चालन गर्न नसकिने अवस्था भएमा (यस्तो अवस्थामा दामासाही हिसाबले ठेका फरफारक गरिनेछ)।

**२१. धरौटी फिर्ताः** ठेक्का अवधि समाप्त भई दुवै पक्षबीच हिसाब-किताब मिलान भएपश्चात, कुनै बक्यौता तथा क्षतिपूर्ति तिर्न बाँकी नरहेको राजस्व शाखाको सिफारिसमा कार्यसम्पादन जमानत रकम ठेकेदारलाई फिर्ता गरिनेछ।

**२२. घाट गद्दी सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य पदार्थको उत्खनन पश्चात संकलनका लागि गाउँपालिकाले ठेकेदार व्यक्ति/कम्पनी/ फर्मलाई निशुल्क रुपमा सरकारी वा सार्वजनिक जग्गा घाट गद्दी प्रयोजनार्थ

उपलब्ध गराउनेछ। पालिकाले उपलब्ध गराएको जग्गामा बाहेक अन्यत्र नदीजन्य पदार्थको संकलन गरी घाट गद्दी गर्नु परेमा सोको व्यवस्थापन ठेकेदार स्वयंले गर्नुपर्नेछ ।

(२) घाट गद्दी गरेको नदीजन्य पदार्थको परिमाण गाउँपालिकाले प्रमाणित गर्नुपर्नेछ। घाट गद्दीको परिमाण प्रमाणित भएपछि मात्र ठेकेदार कम्पनीले उक्त परिमाण गाउँपालिका क्षेत्र बाहिर ओसार पसार गर्न अनुमति पाउनेछ।

(३) घाट गद्दी गरी नदीजन्य पदार्थ राख्न पाउने समय सामान्यतया जेठ देखि मंसीर सम्म हुनेछ, कारणवस समय थप गर्नुपरेमा दफा १८ बमोजिमको समितिको सिफारिसमा कार्यपालिकाको निर्णयानुसार हुनेछ।

**२३. विशेष व्यवस्थाः** (१) प्राकृतिक विपद्जन्य घटना जस्तैः बाढी, पहिरो, नदी कटान, वन डढेलो वा अन्य आकस्मिक अवस्थाका कारण नदीजन्य पदार्थ लगायतको विशेष व्यवस्थापन गर्नुपर्ने भएमा प्रचलित कानून बमोजिम कार्यपालिकाले अन्य सरकारी निकायहरुसँगको समन्वयमा आवश्यक निर्णय गर्न सक्नेछ।

(२) सार्वजनिक प्रयोजनः संघ, प्रदेश वा स्थानीय तहका स्वीकृत विकास आयोजना वा सार्वजनिक प्रयोजनका लागि प्राकृतिक स्रोतको व्यवस्थापन गर्दा प्रचलित कानून तथा सम्बन्धित निकायको स्वीकृति बमोजिम विशेष व्यवस्था गर्न सकिनेछ।

२४. **नदीजन्य पदार्थको उत्खनन तथा संकलन अवधिः** सामान्यतया प्रत्येक वर्षको असाढ १ गते देखि भदौ मसान्त सम्म नदीजन्य पदार्थको संकलन तथा उत्खनन कार्य गर्न पाइने छैन। विपदजन्य घटनाका कारण विशेष परिस्थिति सिर्जना हुने देखिएमा कार्यपालिकाले यो अवधिलाई बढाउन सक्नेछ।

**२५. फाराम तथा ढाँचा स्वीकृत गर्न सकिनेः** गाउँपालिकाले यस कार्यविधिको कार्यान्वयनका लागि देहायका आवश्यक ढाँचा तथा फाराम स्वीकृत गरी लागू गर्न सक्नेछ, जुन यस कार्यविधिको अनुसूची सरह हुनेछन्।

(क) ठेक्का सूचना,

(ख) बोलपत्र फाराम,

(ग) मूल्याङ्कन फाराम,

(घ) ठेक्का सम्झौता,

(ङ) निकासी पास,

(च) कर रसिद,

(छ) दैनिक संकलन विवरण,

(ज) अनुगमन फाराम,

(झ) अन्तिम हिसाब मिलान फाराम,

(ङ) अन्य आवश्यक फाराम र ढाँचाहरु।

**२६. संशोधनः** यस कार्यविधिमा आवश्यक संशोधन वा थपघट गाउँ कार्यपालिकाले प्रचलित कानूनको अधीनमा रही गर्न सक्नेछ।

**२७. अधिकार प्रत्यायोजनः** गाउँ कार्यपालिकाले यस कार्यविधिबमोजिम प्राप्त अधिकारमध्ये आवश्यक अधिकार प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

२८. **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा बाधा उत्पन्न भएमा प्रचलित कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

२९. **प्रचलित कानूनबमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका विषयमा नेपालको संविधान, संघीय कानून, प्रदेश कानून, गाउँपालिकाको ऐन, नियम तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

३०. **खारेजी र बचाउः** यस कार्यविधि लागू हुनुअघि प्रचलित कानून बमोजिम भए गरेका काम कारबाही यस कार्यविधिका कारणले बदर भएको मानिने छैन। यस कार्यविधि लागू हुनुपूर्व गाउँपालिकाबाट आय ठेक्का व्यवस्थापनका सम्बन्धमा भएका निर्णय तथा सम्झौताहरू यसै कार्यविधि बमोजिम भए सरह मानिनेछ।

आज्ञाले
ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत